# स्थानीय राजपत्र

**घ्याङलेख गाउँपालिका, गाउँ कार्यपालिकाद्वारा प्रकाशित**

खण्ड ७) घ्याङलेख, भादौ १३ गते, २०८० साल (अतिरिक्ताङ्क ०१

## भाग २

## घ्याङलेख गाउँपालिका

### गाउँ कार्यपालिकाको कार्यालय

### हायुटार, सिन्धुलीको

### सूचना

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम घ्याङलेख गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७७ को दफा ४ बमोजिम यो कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

**संवत् २०८० साल कार्यविधि नं. ०१**

घ्याङलेख गाउँपालिका

# घ्याङलेख गाउँपालिकाको सामुदायीक विद्यालयहरुमा करार शिक्षक तथा कर्मचारी छनौट सम्वन्धी कार्यविधि, २०८०

**प्रस्तावना :** घ्याङलेख गाउँपालिका अर्न्तगत सामुदायीक विद्यालयको दरवन्दीमा करारमा शिक्षक तथा कर्मचारी नियुक्ति सम्बन्धी व्यवस्थालाई व्यवस्थित र मर्यादित बनाउन आवश्यक भएकोले घ्याङलेख गाउँपालिका शिक्षा ऐन, २०७५ को दफा ६९ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी गाउँ कार्यपालिकाले यो कार्यविधि जारी गरेको छ ।

## परिच्छेद-एक

## प्रारम्भिक

**१. सक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम **"घ्याङलेख गाउँपालिकाको सामुदायीक विद्यालयहरुमा करार शिक्षक तथा कर्मचारी छनौट सम्वन्धी कार्यविधि, २०८०"** रहेको छ ।

(२) यो कार्यविधि घ्याङलेख गाउँपालिका बाट निर्णय भएको मिति देखि लागू हुनेछ ।

**२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,**

(क) **"शिक्षा ऐन"** भन्नाले घ्याङलेख गाउँपालिकाको शिक्षा ऐन, २०७५ सम्झनु पर्छ ।

(ख) **"गाउँपालिका"** भन्नाले गाउँ कार्यपालिकालाई सम्झनु पर्छ ।

(ग) **"प्रमुख भन्नाले"** भन्नाले घ्याङलेख गाउँ कार्यपालिकाको प्रमुख लाई सम्झनु पर्छ ।

(घ) **"प्रमुख प्रशाासकिय अधिकृत"** भन्नाले घ्याङलेख गाउँ कार्यपालिकाको प्रमुख प्रशाासकिय अधिकृतलाई सम्झनु पर्छ ।

(ङ) **"गाउँ सभा"** भन्नाले गाउँपालिकाको गाउँ सभालाई सम्झनु पर्छ ।

घ्याङलेख गाउँपालिका

(च) **"शिक्षा नियमावली"** भन्नाले गाउँपालिकाको शिक्षा नियमावलीलाई सम्झनु पर्छ ।

(छ) **"गाउँ शिक्षा अधिकारी"** भन्नाले घ्याङलेख गाउँपालिकाको शिक्षा शाखाको प्रमुख वा सो प्रमुखको कामकाज गर्न तोकिएको कर्मचारीलाई सम्झनु पर्छ ।

(ज) **"शिक्षा शाखा"** भन्नाले घ्याङलेख गाउँपालिका भित्रको शिक्षा हेर्ने शाखालाई सम्झनु पर्छ ।

(झ) **"शिक्षक तथा कर्मचारी"** भन्नाले घ्याङलेख गाउँपालिका भित्र रहेका सामुदायीक विद्यालयहरुको शिक्षक तथा आन्तरिक प्रशासन र लेखा प्रणाली व्यवस्थित गर्न छनौट गरिएका शिक्षक तथा कर्मचारी लाई सम्झनु पर्छ ।

(ञ) **"प्रधानाध्यापक"** भन्नाले घ्याङलेख गाउँपालिका अर्न्तगत संञ्चालीत सामुदायीक विद्यालयहरुको प्रधानाध्यापकलाई सम्झनु पर्छ ।

(ट) **"विशेषज्ञ"** भन्नाले सामुदायीक विद्यालयहरुमा रिक्त रहेका शिक्षक/कर्मचारीको अस्थायी/करारमा नियुक्ति गर्ने प्रयोजनको लागि गाउँ शिक्षा समितिकोको बैठकको निर्णयबाट आह्वान गरिए बमोजिक दरखास्त दिई सूचिकृत भएका विभिन्न विद्यालयहरुमा कार्यरत शिक्षकहरु भन्ने सम्झनु पर्छ ।

(ठ) **"कार्यविधि"** भन्नाले घ्याङलेख गाउँपालिका अर्न्तरगत सञ्चालित सामुदायीक विद्यालयहरुमा करार शिक्षक तथा कर्मचारी छनौट सम्वन्धी कार्यविधि, २०८०" सम्झनुपर्छ ।

(ड) **"छनौट समिति"** भन्नाले घ्याङलेख गाउँपालिकाको शिक्षा नियमावली, २०७६ को दफा ५४ (क) मा गठित छनौट समिति भन्ने सम्झनु पर्दछ ।

घ्याङलेख गाउँपालिका

## परिच्छेद-दुई

३. **पदपुर्ति:** गाउँपालिका अर्न्तगत संञ्चालित सामुदायिक विद्यालयहरुबाट विद्यालयको शिक्षक तथा आन्तरिक प्रशासन र लेखा प्रणाली व्यवस्थित गर्न छनौट गरिपठाई दिनु भनि अनुरोध पत्र गाउँपालिकामा प्राप्त भएपछि देहाय बमोजिम मापदण्डको आधारमा छनौट समितिबाट विद्यालय शिक्षक तथा आन्तरिक प्रशासन र लेखा प्रणाली व्यवस्थित कर्मचारी छनौट गरि करारमा नियुक्तिको लागी विद्यालयमा सिफारिस गरि पठाइने छ ।

(क) रिक्त पद रहेको विद्यालय उल्लेख गरी आवश्यक न्युनतम योग्यता, पारिश्रमिक, सेवा शर्त समेत तोकि गाउँपालिकाको वेवसाइट, सूचना पाटी, सम्वन्धित वडा कार्यालय तथा सम्वन्धित विद्यालयको सूचना पाटीमा कम्तिमा १५ दिनको सूचना प्रकाशित गरिनेछ। विशेष कारणबस उपरोक्त माध्यम वा स्थान मध्ये कुनै एक माध्यम वा स्थानमा सूचना प्रकाशन भए पनि मान्यता दिइनेछ ।

(ख) शिक्षा शाखाबाट तयार गरिएको आवेदन फारम सहभागीलाई उपलब्ध गराइनेछ । आवेदन फाराम तथा परीक्षा दस्तुर वापत आधारभूत तहको रु.१०००।- र मा. वि तहको लागि रु.१५००।- आवेदकले गाउँपालिकाले तोकेको खातामा जम्मा गर्नु पर्ने छ ।

(४) **दरखास्त आह्वान : (१)** विद्यालयले माग गरेको निवेदनका आधारमा गाउँपालिकाले गाउँपालिकाको वेवसाइट, सूचना पाटी, सम्वन्धित वडा कार्यालय तथा सम्वन्धित विद्यालयको सूचना पाटीमा कम्तिमा १५ दिनको म्याद राखी सार्वजनिक सूचना प्रकाशित गरी दरखास्तका लागि आह्वान गर्नेछ ।

(२) योग्य उम्मेदवारले रितपूर्वक अनुसूची-१ बमोजिमको ढाँचामा गाउँपालिकामा दरखास्त पेश गर्नुपर्नेछ ।

(३) उपदफा १ बमोजिम गरिएको विज्ञापनमा अध्यापन अनुमति पत्र भएको उम्मेदवारको दरखास्त नपरेमा पुन : विज्ञापन गरिनेछ भने आन्तरिक प्रशासन र लेखा प्रणालीको कर्मचारीको लागि यो नियम लागुहुने छैन ।

(४) उपदफा ३ बमोजिम गरिएको विज्ञापनको लागि अंग्रेजी, गणित र विज्ञान विषयको हकमा मात्र अध्यापन अनुमति पत्रलाई अनिवार्य गरिने छैन ।

(५) मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन वा वाणिज्यशास्त्रमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उतीर्ण व्यक्ति विद्यालय कर्मचारी पदको लागि आवेदन दिन योग्य मानिन्छ ।

**(५) उम्मेदवारको लागि आवश्यक योग्यता : (१)** देहायका व्यक्तिहरु शिक्षक तथा आन्तरिक प्रशासन र लेखा प्रणाली पदमा उम्मेदवार हुनको लागि योग्य हुने छन :

(क) नेपाली नागरिक हुनु पर्ने ।

(ख) १८ वर्ष उमेर पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने ।

(ग) स्थायी अध्यापन अनुमतिपत्र प्राप्त गरेको हुनुपर्ने । (आन्तरिक प्रशासन र लेखा प्रणालीको कर्मचारीका र अंग्रेजी, गणित र विज्ञान विषयको शिक्षककोहकमा यो नियम लागु नहुने)

(घ) मानसिक सन्तुलन नबिग्रेको हुनुपर्ने ।

(ङ) नैतिक पतन देखिने फौजदारी अभियोगमा कसुरदार नठहरिएको हुनुपर्ने ।

(२) आधारभूत तहको हकमा माध्यमिक शिक्षा उत्तिर्ण/प्रवीणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरी शिक्षा विषयमा कम्तीमा दश महिने तालिम लिएको तथा माध्यमिक तहको हकमा सम्वन्धित विषयमा स्नातक

घ्याङलेख गाउँपालिका

वा सो सरहको परीक्षा उर्तीण गरी शिक्षा विषयमा कम्तीमा दश महिने तालिम लिएको हुनुपर्नेछ ।

(३) प्रतियोगितामा भाग लिन चाहने उम्मेदवारले गाउँपालिकाबाट निर्धारित दरखास्त फाराम भरी तोकिए बमोजिमको दस्तुर र प्रक्रिया पुरा गरी निर्धारित समयमा नै दरखास्त बुझाउनु पर्नेछ ।

(४) म्याद नाघी आएको दरखास्त उपर कुनै काम कारबाही गर्न गाउँपालिका बाध्य हुने छैन ।

**६. शिक्षक तथा आन्तरिक प्रशासन र लेखा कर्मचारी छनौट समिति : (१)** करार शिक्षक तथा आन्तरिक प्रशासन र लेखा कर्मचारी छनौट गर्न प्रयोजनको लागि देहाय बमोजिमको करार शिक्षक तथा आन्तरिक प्रशासन र लेखा कर्मचारी छनौट समिति रहनेछ :

(क) गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत — संयोजक

(ख) सम्वन्धित विद्यालयहरुको प्रधानाध्यापकहरु मध्ये जेष्ठ प्र. अ. - सदस्य
(दुई वा दुई भन्दा धेरै विद्यालयहरुको हकमा)

(ग) गाउँपालिकाको शिक्षा अधिकृत — सदस्य सचिव

## परिच्छेद-३

## विशेषज्ञ सम्वन्धी व्यवस्था

**७. विषेशज्ञ सूचीकरण प्रक्रिया : (१)** यस गाउँपालिकामा विशेषज्ञ हुन चाहने स्थायी शिक्षकहरुले गाउँपालिकाले सूचना प्रकाशित गरे पछि तोकेको अवधिभित्र निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम सूचना प्रकाशित गर्दा निवेदन साथ संलग्न हुनुपर्ने कागजातहरु र निवेदन दस्तुर समेत तोकिनेछ ।

(३) शिक्षा शाखाले उपदफा (१) र (२) बमोजिम निवेदन दिएका शिक्षक तथा आन्तरिक प्रशासन र लेखा प्रणालीको कर्मचारीहरुको निवेदन छानविन गरी प्राथमिक, निम्न माध्यमिक र माध्यमिक तहका लागि छुट्टा छुट्टै विशेषज्ञ सूची प्रकाशित गर्नेछ ।

(४) उपदफा (२) बमोजिम सूची प्रकाशन गर्दा निम्न माध्यमिक र माध्यमिक तहका लागि विशेषज्ञ हुने विषय समेत खुलाई प्रकाशन गर्नुपर्नेछ ।

८. **विषेशज्ञको योग्यता : (१)** विशेषज्ञ हुन देहायको योग्यता हुनुपर्नेछ :

(क) सम्वन्धित तहमा स्थायी सेवा अवधि एक वर्ष पुराभई कम्तीमा तीन वर्षको शिक्षण अनुभव भएको,

(ख) प्राथमिक तहका लागि स्नातक वा सो सरह र तालिम प्राप्त,

(ग) निम्न माध्यमिक तहका लागि सम्वन्धित विषयमा स्नातक वा सो सरह र तालिम प्राप्त,

(घ) माध्यमिक तहका लागि सम्वन्धित विषयमा स्नातकोत्तर वा सो सरह र तालिम प्राप्त,

९. **विशेषज्ञ छनौट सम्वन्धी व्यवस्था :** (१) सिन्धुली जिल्ला भित्रका अन्य स्थानीय तहमा सूचीकृत विशेषज्ञको सूची शिक्षा शाखाले माग गरी अभिलेख राख्नेछ ।

(२) उपदफा (१) बमोजिमका विशेषज्ञबाट गोलाप्रथाबाट छनौट समितिले विशेषज्ञ छनौट गर्नेछ ।

(३) कुनै विषयमा कम्तीमा चार जना विशेषज्ञ सूचीकृत नभएमा वा सूचीकृत विशेषज्ञ उपलब्ध नभएमा सिन्धुली जिल्लाभित्रका अन्य स्थानीय तहमा सूचीकृत विशेषज्ञबाट समेत छनौट गर्न सकिनेछ ।

## परिच्छेद-४

## पाठ्यक्रम तथा परीक्षा सम्वन्धी व्यवस्था

**१०. पाठ्यक्रम तथा परीक्षा : (१)** नेपाल सरकार तथा गाउँपालिकाबाट प्रदान गरिएको दरबन्दीमा करार शिक्षक तथा आन्तरिक प्रशासन र लेखा प्रणालीको कर्मचारीहरु छनौट गर्न प्रयोजनका लागि शिक्षक सेवा आयोगले निर्धारण गरेको पाठ्यक्रम अनुसार नै परीक्षा सञ्चालन गरिनेछ ।

(२) उपदफा (१) बमोजिम लिईने परीक्षा लिखित र मौखिक हुनेछ । दफा ६ को उपदफा १ बमोजिम गठित समितिले आवश्यक ठानेमा प्रयोगात्मक परीक्षा लिन सक्नेछ ।

**११. परीक्षा केन्द्र : (१)** लिखित तथा अन्र्तवार्ता लगायतका सम्पूर्ण परीक्षाहरु गाउँपालिका वा गाउँपालिकाले तोकेको स्थानमा सञ्चालन हुनेछन् ।

**१२. परीक्षा सञ्चालन :** गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारीको जिम्मा रहेको सिलबन्दी प्रश्नपत्र करार शिक्षक तथा आन्तरिक प्रशासन र लेखा प्रणालीको कर्मचारीहरु छनौट समितिको रोहवरमा सो समितिको संयोजकले परीक्षा सञ्चालन हुनुभन्दा ३० मिनेट अगाडि खोली निर्धारित प्रश्नपत्र परीक्षा सञ्चालन गर्ने प्रतिनिधि वा विषय विशषज्ञलाई प्रदान गर्नुपर्ने छ ।

(२) परीक्षाको अनुगमन सुपरीवेक्षण गाउँपालिकाको अध्यक्ष / उपाध्यक्षबाट हुनेछ ।

(३) प्रश्नपत्रको गोपनीयता कायम गर्ने कार्य करार शिक्षक तथा आन्तरिक प्रशासन र लेखा प्रणाली छनौट समिति तथा विषयविज्ञ वा परीक्षा सञ्चालनमा सहभागी भएको कर्मचारीको दायित्व हुनेछ ।

## परिच्छेद-५

## परीक्षा प्रणाली सम्वन्धी व्यवस्था

**१३. परीक्षा प्रणाली सम्वन्धी व्यवस्था :**

| प्रथम चरण | दोस्रो चरण | | | | | जम्मा |
|---|---|---|---|---|---|---|
| लिखित परीक्षा वस्तुगत वहुबैकल्पीक-४० विषयगत-६० जम्मा -१०० | कम्प्युटर सीप | अर्न्तवार्ता | स्थानीयता | शैक्षिक योग्यता | अनुभव | |
| | १० अंक | १० अंक | ५ अंक | ५ अंक | १० अंक | ४० अंक |

(१) लिखित परीक्षा १०० पुर्णङ्कको लिइनेछ। जस मध्ये वस्तुगत वहुवैकल्पिक प्रश्नहरु ४० पुर्णङ्कको र विषयगत प्रश्नहरु ६० पुर्णङ्कको सोधिनेछ। उक्त दुबै प्रश्नहरुको लागि जम्मा ३ घण्टाको समय दिइनेछ। उक्त परीक्षाको उर्तीर्णाङ्क ४० हुनेछ।

(२) अर्न्तवार्ता अधिकतम १० अंकको लिइनेछ। यस अर्न्तगत न्यनतम ३.५ र अधिकतम ७ अंकको सिमा भित्र रही अर्न्तवार्ताको लागि छनौट भएका उम्मेदवारलाई अर्न्तवार्ताकारबाट अंक प्रदान गरिनेछ। कम्प्युटर सीप परिक्षण सम्वन्धी १० पूर्णाङ्कको प्रयोगात्मक परीक्षा लिइनेछ। कम्प्युटर सीप परिक्षण सम्वन्धी प्रयोगात्मक परीक्षा सम्पन्न भएपछी मात्र अर्न्तवार्ता (मौखक परीक्षा) लिइनेछ। (कम्प्युटर सीप परिक्षण सम्वन्धी प्रयोगात्मक परीक्षा को अर्न्तवार्ता आन्तरिक प्रशासन र लेखा प्रणाली सम्वन्धी परीक्षार्थी लाई मात्र लागु हुनेछ )।

(३) छनौट समितिबाट सफल घोषित उम्मेदवारलाई करारमा नियुक्तिको लागि सम्वन्धित विद्यालयमा सिफारीस गरी पठाईने छ।

(४) उल्लेखित पदको लागि पाठ्यक्रम, छनौट समितिले निर्धारण गरी दरखास्त दिने उम्मेदवारलाई उपलब्ध गराईनेछ । छनौट भएका विज्ञहरुले निर्धारित पाठ्यक्रमको ढाँचालाई अनुशरण गरी प्रश्नहरु निर्माण गर्नु पर्ने छ ।

(५) प्रश्नहरु निर्माण कार्य सम्पन्न हुने वितिकै छनौट समितिले तोकेको समय र स्थानमा परीक्षा सञ्चालन गरिनेछ ।

(६) एकै दिन एकै समयमा सञ्चालन हुने परीक्षाको लागि एउटै प्रश्नपत्रको प्रयोग गरिनेछ । उक्त दिन छनौट भएका विज्ञहरुलाई सामुहिक रुपमा प्रश्नपत्र निर्माण र उत्तरपुस्तिका परिक्षण कार्य पनि गर्न लगाइने छ, तर अर्न्तवार्ता कार्य भने विद्यालयगत रुपमा सञ्चालन गरि नतिजा प्रकाशित गरिनेछ । छनौट समितिले तोकेको विज्ञले मात्र अर्न्तवार्तामा अंक प्रदान गर्न पाउनेछ ।

(७) छनौट सम्वन्धी काममा सहयोग पुर्‍याउन थप कर्मचारी आवश्यक देखिएमा उपयुक्त व्यक्तिलाई छनौट समितिले लिई काममा लगाउन सक्नेछ ।

(८) परीक्षा सम्वन्धी काम सकेसम्म एकै दिन सम्पन्न गर्न प्रयास गरिनेछ । कारणवस समय अभावले परीक्षा सम्वन्धी काम उक्त दिन सम्पन्न हुन नसकेमा परीक्षा सम्वन्धी सम्पूर्ण कागजातहरु सुरक्षाको लागि इलाका प्रहरी कार्यालय बस्तिपुरमा राख्ने व्यवस्था मिलाइने छ ।

**१४.** माथि जुनसुकै कुरा लेखिएको भएता पनि एकै पटकमा एउटै विज्ञापनद्धारा करार शिक्षक तथा आन्तरिक प्रशासन र लेखा प्रणाली छनौट कार्य गर्नुपर्ने भएकोले छनौट समितिका पदाधिकारीहरु प्रमुख प्रशासकीय अधिकृत, गाउँ शिक्षा अधिकारी र रिक्त पद रहेका विद्यालयहरुका प्र.अ. हरुको संयुक्त बैठक बसि विज्ञापन तथा लिखित परीक्षा सम्वन्धी कार्य सम्पन्न गरिनेछ भने अर्न्तवार्ता र अन्तिम नतिजा प्रकाशित सम्वन्धी कार्य विद्यालयगत रुपमा गरिनेछ ।

## परिच्छेद-६

## योग्यताक्रम कायम सम्वन्धी व्यवस्था

**१५. योग्यताक्रम कायम :** (१) उम्मेदवारले लिखित परीक्षा र अन्तर्वार्तामा प्राप्त गरेको अङ्कलाई जोडेर एकीकृत प्राप्ताङ्क निकालिनेछ । यसरी निकालिएको प्राप्ताङ्कका आधारमा उम्मेदवारको योग्यताक्रम कायम गरिने छ ।

(२) उपदफा (१) बमोजिम कायम गरिएको योग्यताक्रममा जुन उम्मेदवारको प्राप्ताङ्क बढी छ सोही उम्मेदवारलाइ नै करार शिक्षक छनौट समितिले नियुक्तिका लागि सम्वन्धीत विद्यालयमा पठाउने छ ।

**१६. नियुक्ती :** दफा १५ बमोजिम सिफारीस भएको उम्मेदवारलाई विद्यालयले नियुक्ति गर्ने छ ।

**१७. वैकल्पिक उम्मेदवारलाई नियुक्त गर्न सक्ने :**(१)दफा १६ बमोजिम नियुक्त भएको शिक्षक तथा आन्तरिक प्रशासन र लेखा कर्मचारी सम्बन्धित विद्यालयमा १५ दिन भित्र हाजिर हुन नगएमा वा १ वर्षको अवधि पुरा नहुँदै बिचैमा शिक्षण पेशा छोडेमा वा निजले राजीनामा दिएमा वा निजको मृत्यु भएमा वैकल्पिक उम्मेदवारले स्वत: नियुक्ति पाउने छ ।

(२) दफा (१) मा जेसुकै कुरा लेखिएको भएपनि विद्यालयले नियुक्त गरेको १ वर्ष पुरा भएपछि रिक्त भएको दरबन्दीमा कुनै वैकल्पिक उम्मेदवारलाई नियुक्ति गरिने छैन ।

**१८. दरखास्त, परीक्षा वा नियुक्ति बदर हुने :** (१) कुनै पनि उम्मेदवारले कुनै झुठा विवरण पेश गरी दरखास्त दिएमा, परीक्षामा सहभागी भएमा वा नियुक्त भएमा उक्त उम्मेदवारको दरखास्त, परीक्षा तथा पद स्वत: बदर हुनेछ ।

(२) उपदफा (१ )बमोजिम बदर भएको दरखास्त तथा परीक्षाको हकमा परीक्षा दस्तुर फिर्ता हुने छैन ।

(३) उपदफा (१ )बमोजिम बदर भएको नियुक्ति बदर हुँदासम्म शिक्षकले खाएको तलबभत्ता गाउँपालिकामा फिर्ता गर्नुपर्ने छ।

**१९. बाधा अड्काउ फुकाउ र व्याख्या :** (१) यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा गाउँपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन सक्ने छ।

(२) यस कार्यविधिको कुनै दफा तथा उपदफामा द्विविधा उत्पन्न भएमा यसको व्याख्या गर्ने अधिकार गाउँपालिकामा हुनेछ।

(३) यस कार्यविधिमा लेखिएको विषय यही कार्यविधि बमोजिम र अन्य कुराहरु प्रचलित कानून अनुसार हुनेछ।

**२०. संशोधन :** यस कार्यविधि कार्यान्वयनको क्रममा थप व्यवस्था गर्नु परेमा यस कार्यविधि तथा प्रचलित कानूनसँग नबाझिने गरी गाउँपालिकाले आवश्यक निर्णय लिन सक्नेछ।

यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा – अड्काउ परेमा गाउँपालिकाले त्यस्तो बाधा अडकाउ हटाउन आदेश जारी गर्न सक्नेछ।

(१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिए जति करारमा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित कानुन बमोजिम हुनेछ।

(२) संविधान सँग बाझिएको यस ऐनका दफा तथा उपदफाहरु बाझिएको हदसम्म स्वत : निष्कृय हुनेछ।

घ्याङलेख गाउँपालिका

**अनुसूची १**

**दफा ४ को उपदफा २ सँग सम्बन्धित**

**दरखास्तका लागि आवेदन फाराम**

घ्याङलेख गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हायुटार, सिन्धुली

**परीक्षा दिन चाहेको पद, तह र श्रेणी सम्बन्धी विवरण**

| | |
|---|---|
| १. विज्ञापन नं. : | २. तह र श्रेणी : |
| ३. परीक्षा दिने विषय : | ४.उम्मेद्धवारी हुने विद्यालय : |

**५. व्यक्तिगत विवरण सम्बन्धी :**

<table>
<tr><td rowspan="4">उम्मेदवारको</td><td rowspan="2">नाम, थर</td><td colspan="2">देवनागरीकमा :</td></tr>
<tr><td colspan="2">अंग्रजी ठुलो अक्षरमा :</td></tr>
<tr><td>नागरिकता नं.</td><td>जारी गरेको जिल्ला :</td><td>जारी गरेको मिति :</td></tr>
<tr><td></td><td></td><td></td></tr>
<tr><td rowspan="2">स्थायी ठेगाना</td><td>जिल्ला :</td><td>गा.पा./न.पा. :</td><td>वडा नं.:</td></tr>
<tr><td>टोल :</td><td>फोनं. :</td><td>लिङ्ग :</td></tr>
<tr><td colspan="4">इमेल :</td></tr>
</table>

**६ शैक्षिक योग्यता सम्बन्धी विवरण (सम्बन्धित तहसँग सम्बन्धित शैक्षिक योग्यता मात्र पछिल्लो देखि क्रमैसँग उल्लेख गर्ने )**

| क्र.स | अध्ययन गरेको संस्थाको नाम | उत्तीर्ण गरेको | | | कुल प्राप्ताङ्क | प्रतिशत | मुख्य विषयहरु | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | परीक्षा | साल | श्रेणी | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

**७ तालिम/प्रशिक्षण आदिको विवरण :**

| क्र.स | तालिम/अनुभव दिने संस्थाको नाम र ठेगाना | तालिमको नाम | विषय | तालिम अवधि | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | देखि | सम्म | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

८. यस दरखास्तमा उल्लेख गरेका सम्पूर्ण विवरणहरु सत्य छन्। उम्मेदवारका लागि दिइएको निर्देशन मैले राम्ररी पढेको छु र म ती शर्तहरु पालना गर्न मञ्जुर गर्दछु। लेखिएको विवरण झुठा ठहरिएमा कानुन बमोजिम सहुँला बुझाउँला ।

**ल्याप्चे सहिछाप**

| दयाँ | बायाँ |
|---|---|
| | |

.................................

उम्मेदवारको दस्तखत

---

घ्याङलेख गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

हायुटार, सिन्धुली

**प्रवेश पत्र**

**परीक्षार्थीले भर्ने**

(क) उम्मेदवारको नाम, थर:

(ख) तह र श्रेणी :

| | |
|---|---|
| (ग) विज्ञापन नं. : | |
| (घ) समावेशी समूह : (उल्लेख गर्ने ) | |

(ङ) परीक्षा दिने विषय : (च) प्रतिस्पर्धा गर्न चाहेको विद्यालय/गा.पा. :

(छ) स्थायी ठेगाना भएको जिल्ला: (ज) परीक्षा दिने विद्यालय :

(झ) परीक्षार्थीको दस्तखत :

**दरखास्त सङ्कलन केन्द्रका सम्बन्धित कर्मचारीले भर्ने**

यस पालिकाबाट मिति...................... मा लिइने प्रतियोगितात्मक खुला परीक्षामा तपाईलाई निम्न केन्द्रबाट सम्मिलित हुन अनुमति दिइएको छ। विज्ञापनमा तोकिएको शर्त नपुगेको ठहर भएमा जुनसुकै अवस्थामा पनि यो प्रवेश पत्र रद्ध हुनेछ। (परीक्षा केन्द्र पछि तोकिनेछ ।)

जिल्ला : रोल नं. : परीक्षा केन्द्र

................................

कर्मचारीको दस्तखत

**परीक्षार्थीकाले पालना गर्नुपर्नै नियमहरु**

१. परीक्षार्थीले परीक्षा भवनमा परीक्षा दिन आउँदा प्रवेश पत्र ल्याउनु पनेछ । प्रवेशपत्र विना परीक्षामा बस्न पाइने छनै ।

२. परीक्षा हलमा मोबाइल फोन ल्याउन पाईने छनै ।

३. लिखित परीक्षा उत्तीर्ण हुनेले अन्तर्वार्ता हुने दिनमा प्रवेशपत्र अनिवार्य रुपमा ल्याउनु पर्नेछ ।

४. दरखास्त फाराममा लेखिएको तह, श्रेणी र विषयको परीक्षामा मात्र सम्मिलित भई परीक्षा दिनु पर्नेछ ।

५. परीक्षाले वस्तुगत परीक्षाको लागि दिइएको निर्देशन बमोजिम उत्तर पानामा अक्षरहरु (A), (B), (C), (D) मात्र मसी पोतिनुपर्नेछ । विषयगत परीक्षाका लागि उत्तर दिन खण्ड (क) र (ख) का छुट्टाछुट्टै उत्तरपुस्तिकाहरु प्रयोग गर्नु पर्नेछ र परीक्षार्थीले कालो मसी प्रयोग गर्नुपर्ने छ ।

६. उत्तर पुस्तिकामा नाम थर, रोल नम्बर आदि विवरण लेखेको कभरपेजको ठीक पछाडिको पृष्ठमा उत्तर लेख्नु हुँदैन ।

७. पालिकाले तोकेको परीक्षा केन्द्र बाहेक अन्य अन्द्रबाट परीक्षा दिने पाइने छनै ।

८. परीक्षामा सिसाकलम प्रयोग गर्न पाइने छनै । सो प्रयोग गरेको पाइएमा परीक्षा रद्ध हुनेछ ।

९. स्वीकृत दरवन्दीमा वस्तुगत परीक्षामा उत्तिर्ण पछि  विषयगत परीक्षाका लागि प्रश्नहरु दिई परीक्षा दिनु पर्नेछ ।

१०. परीक्षा सुरु हुनुभन्दा १५ मिनेट अगाडी जनाउ घण्टीले सुचना गरेपछि भवनमा प्रवेश गर्नु पर्नेछ ।

११. परीक्षा सुरु भएको आधा घण्टापछि आउने परीक्षार्थीलाई परीक्षा हलमा प्रवेश गर्न दिइने छैन ।

१२. परीक्षा सुरु भएको एक घण्टा व्यतित नभएसम्म परीक्षा भवनबाट बाहिर जान पाइने छनै ।

१३. परीक्षा भवनको किताव, कापी, कागज , चिट आदि लैजान पाइने छैन । परीक्षार्थीले आपसमा कुराकानी र सङ्केत गर्न पाइने छैन ।

१४. आफुलाई चिनाउने कुनै सङ्केत, फोन , मोबाइल नं. आदि उत्तरपुस्तिकामा लेख्न पाइने छैन । लेखेमा परीक्षा रद्ध हुनेछ ।

१५. परीक्षा भवनमा अनुचित काम गरेमा प्रचलित कानुन तथा शिक्षक सेवा आयोगको नियमावली र परीक्षा एवं सिफारिस सम्बन्धी निर्देशिका अनुसार कारवाही हुनेछ ।

१६. विशेष क्षमता भएका परीक्षार्थीले परीक्षा सुरु हुनु अगावै केन्द्राध्यक्षलाई लिखित रुपमा जानकारी दिनुपर्ने छ । केन्द्राध्यक्षले त्यस्ता परीक्षार्थीको पहिचान गरी परीक्षा दिन लगाउन आवश्यक व्यवस्था गर्न सक्ने छ ।

१७. पालिकाको प्रकाशित विज्ञापन वा सूचनामा उल्लिखित कार्यक्रम अनुसार परीक्षा हुनेछ ।

**प्रमाणीकरण मिति :- २०८०।०७।०२**

**आज्ञाले,**
**राम कुमार कार्की**
**प्रमुख प्रशासकीय अधिकृत**

**घ्याङलेख गाउँपालिका, गाउँ कार्यपालिकाद्वारा मुद्रित रु. १०।-**